पान नं. २०१२५११९३
कार्यालय कोडः- ८०२२१५०४३००
मो. ९८०२५८९१६३

परवानीपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय

लिपनीटोल, बारा
मधेश प्रदेश, नेपाल

पत्र संख्या : २०८३/०८४

सूचना प्रविधि शाखा

चलानी नं:

मितिः २०८३/०७/१३
नेपाल संवतः ११४६

विषयः दीपावली तथा छठ पर्वको अवसरमा सिरसिया नदीमा फोहोर तथा प्रदूषण नगर्ने सम्बन्धि सूचना

प्रस्तुत विषयमा नेपालीहरूको महान् चाड शुभ दीपावली तथा छठ पर्व २०८३ को पावन अवसरमा परवानीपुर गाउँपालिकाको सिमाना हुदैं बग्ने सिरसिया नदीमा श्रद्धालु भक्तजनहरूले स्नान तथा पूजापाठ गर्ने भएकाले नदीको स्वच्छता, पवित्रता र वातावरणीय सन्तुलन कायम राख्नु हामी सबैको साझा दायित्व रहेको व्यहोरा अनुरोध छ। सो नदी आसपास सञ्चालनमा रहेका सम्पूर्ण उद्योग तथा औद्योगिक प्रतिष्ठानहरूले यस अवधिमा कुनै पनि प्रकारको औद्योगिक फोहोर, रसायनयुक्त पानी, ढल, ठोस फोहोर तथा अन्य प्रदूषणजन्य पदार्थ सिरसिया नदीमा विसर्जन वा प्रवाह नगर्नु नगराउनुहुन अनुरोध छ। साथै, उद्योग परिसर तथा नदी आसपासको क्षेत्रमा सरसफाइ कायम राख्न, फोहोरको उचित व्यवस्थापन गर्न र नदी प्रदूषण नियन्त्रण तथा फोहोरमैला व्यवस्थापन सम्बन्धी प्रचलित कानुनी व्यवस्थाको पूर्ण पालना गर्नसमेत निर्देशानुसार जानकारी गराईन्छ । यस सूचनाको अवज्ञा गरी नदी प्रदूषण गरेको पाइएमा प्रचलित कानुनबमोजिम आवश्यक कारबाहीको प्रक्रिया अगाडि बढाइने व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

.....

कृष्ण नन्दन राय
प्रमुख प्रशासकीय अधिकृत
कृष्ण नन्दन राय
प्रमुख प्रशासकीय अधिकृत